प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पाँचथर
प्रदेश नं. १
कार्यक्षेत्रः पाँचथर र ताप्लेजुङ्ग

फोन नं.: ०२४- ५२०१३०, ५२०४६८
इमेल :akcpachthar@gmail.com
वेभ: panchthar.akc.gov.np

## प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सुचना
### (दोस्रो पटक प्रकाशित मिति २०७८/११/०९)

कृषि ज्ञान केन्द्र पाँचथरको चालु आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन हुने **प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम** अन्तर्गत पाँचथर र ताप्लेजुङ जिल्लामा कार्यक्रम संचालनका लागि तोकिएको मापदण्ड पुरा गरि तपशिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न मिति २०७८/१०/१७ गते प्रथम पटक प्रकाशित सूचना उपर पार्यप्त प्रस्ताव दर्ता नभएकाले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले दस (१०) दिन अर्थात २०७८/११/१८ गते भित्र पाँचथर र ताप्लेजुङ जिल्ला भित्रका ईच्छुक कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई कार्यालय समय भित्र कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फर्मेटमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी प्रस्तावना पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

### संचालन हुने क्रियाकलापहरुको विवरण

<table>
<tr><th>क्र.स.</th><th colspan="2">संचालन हुने क्रियाकलापहरु</th><th>आवश्यक पर्ने न्युनतम जग्गाको मापदण्ड</th><th>अनुदान सहुलियत (%)</th></tr>
<tr><td>१</td><td colspan="2">नमुना प्रदर्शन कार्यक्रम</td><td>कम्तिमा ६० रोपनीको एक क्लष्टर हुनुपर्ने</td><td rowspan="4">अधिकतम ५०% अनुदान सहयोग उपलब्ध गराईने</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">संरक्षित संरचनामा उत्पादन कार्यक्रम</td><td>नयाँ संरचना निर्माण कार्यक्रम</td><td rowspan="2">एकल फर्मको हकमा कम्तिमा ३ रोपनी र समुह/सहकारीको हकमा समुहका सदस्य संख्याको आधारमा प्रति सदस्य १ रोपनीका दरले</td></tr>
<tr><td>पुरानो संरचना सुधार कार्यक्रम</td></tr>
<tr><td>३</td><td colspan="2">खुल्ला जमिनमा उत्पादन कार्यक्रम</td><td>एकल फर्मको हकमा कम्तिमा ५ रोपनी र समुह/सहकारीको हकमा कम्तिमा ६० रोपनी</td></tr>
</table>

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रू. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा अनुसारको निवेदन
२. कार्यक्रम संचालनको लागि कार्यालयले उपलब्ध गराएको फर्मेट अनुसारको प्रस्तावना

२०७८/११/०९
सागर विष्ट
नि.प्रमुख

फोन नं.: ०२४- ५२०१३०, ५२०४६८
इमेल :akcpachthar@gmail.com
वेभ: panchthar.akc.gov.np

३. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि
४. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम संचालन गर्न गरेको बैठकको निर्णयको प्रतिलिपि
५. संस्थाको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि
६. निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
७. सहकारी संस्थाको हकमा गत आ.व. ०७७/०७८ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि
८. गत आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
९. सम्बन्धित स्थानिय तह कृषि विकास शाखाको सिफारिस
१०. कार्यक्रम संचालनका लागि आवश्यक जग्गाको लालपूर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गाको हकमा न्युनतम १० वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपि
११. प्राविधिक ज्ञान, सिप, अनुभव तथा तालिम लिएको भए, त्यसको प्रमाणको प्रतिलिपि
१२. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र

*नोटः- प्रस्तावनाका लागि आवश्यक आवेदन फारम कृषि ज्ञान केन्द्र, पाँचथर वा सम्पर्क कार्यालय ताप्लेजुङबाट निशुल्क प्राप्त गर्न सक्नुहुने छ । थप जानकारीका लागी कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं.०२४५२०१३०/९८५२६८२४६८, सम्पर्क कार्यालय ताप्लेजुङको सम्पर्क नं ०२४४६०१३०/९८५२६६०१३० वा कार्यालयको वेभसाइट **panchthar.akc.gov.np** बाट आवश्यक फारमहरु र कार्यबिधि डाउनलोड गरी हेर्न सकिनेछ ।*

२०७८/११/०१

सागर विष्ट
नि.प्रमुख